**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**

**माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा**

**आदेश**

**रिटः परमादेश।**

रिट नं.- ०७६-WO-०९५०

अधिवक्ता कमलबहादुर खत्रीसमेत............................................................ निवेदक

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार काठमाडौंसमेत................. विपक्षी

यसमा निवेदक विद्वान् अधिवक्ताद्वय श्री कमलबहादुर खत्री र श्री वीरेन्द्रकुमार खत्री र निजहरुको तर्फबाट इजलाशसमक्ष उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री ज्ञानेन्द्रराज आरण, श्री सुरेन्द्रविक्रम के.सी, श्री पदमबहादुर श्रेष्ठ, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री सन्तोष भण्डारी, श्री लक्ष्मी नानी थापा, श्री नवराज पाण्डे र श्री सुजन नेपालले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो, निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, आदेश जारी हुनु नपर्ने आधार र कारण भए सो समेत साथै राखी म्याद तामेल भएको मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत् लिखित जवाफ पेश गर्नु भनी निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुको नाउँमा म्याद सूचना जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

यसमा अन्तरिम आदेश माग गरेतर्फ हेर्दा, प्रस्तुत रिट निवेदन कोभिड १९ सँग सम्बन्धित रहेको र हालको परिस्थितिमा तत्काल रोग नियन्त्रण गरी आम नागरिकको जीवन रक्षा गर्नुपर्ने अवस्था रहेकोले तत्काल Polymerase Chain Reaction (PCR) को परीक्षणको दायरा बढाउनेतर्फ र सोको अभाव नहुनेतर्फ आवश्यक पहल गर्नू भनी सर्वोच्च अदालत

नियमावली, २०७४ को नियम ४९ को उपनियम (२)(क) बमोजिम विपक्षीहरुको नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी विपक्षीहरुलाई दिनू। प्रस्तुत रिट निवेदनलाई यस अदालतमा यसअघि दायर भएका कोभिड १९ सँग सम्बन्धित रिट निवेदनसँग साथै राखी नियमानुसार पेश गर्नू।

न्यायाधीश

इति सम्वत् २०७७ जेष्ठ महिना ०१ गते रोज ०५ शुभम् ............................।